श्री दिव्य ज्योति माध्यमिक विद्यालय

SHREE DIVYA JYOTI SECONDARY SCHOOL

माथागढी- ३, कसेनी, सराई, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

MATHAGADHI- 3, KASENI, SARAI, PALPA, LUMBINI PROVINCE, NEPAL

स्थापना : २०२५ (ESTD. 2025 B. S.)

च. नं : ७२

पत्र संख्या : ७२/२०८३/०८४

मिति : २०८३/०८/०३

श्री जो जससँग सम्बन्धित छ ।

विषय :–शिक्षक सरुवाको लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा माथागढी गाउँपालिकाको मिति २०८३/०८/०३ गते च.नं. ५८२ को अनुमति तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०८/०२ गतेको निर्णय अनुसार यस विद्यालयमा प्राथमिक तह, तृतीय श्रेणी,संख्या १ (एक) शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) को सरुवा सम्बन्धी व्यवस्था बमोजिम उक्त रिक्त पद शिक्षक सरुवा मार्फत पूर्ति गर्नुपर्ने भएकाले प्राथमिक तह तृतीय श्रेणीको स्थायी दरवन्दीमा कार्यरत तथा सरुवाको लागि योग्य, इच्छुक शिक्षकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३/०८/१८ गते) कार्यालय समयभित्र सरुवा सहमतिका लागि दरखास्त आह्वान गरिएको छ ।

पेस गर्नुपर्ने कागजातहरु

१.सरुवाको लागि निवेदन ।
२.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३.आफ्नो सेवा अवधी खुल्ने कागजात ।
४.स्थायी /अस्थायी नियुक्ति पत्रको प्रतिलिपी ।
५.शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपी ।
६.हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा शुरु हाजिरी भएको कागजात ।
७.असाधारण तथा वेतलबी बिदा लिए नलिएको सम्बन्धित कागजात ।
८.विद्यालयको सहमति पत्र ।
९.सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
१०.शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) बमोजिम प्राथमिकतामा दाबी गर्ने सम्पूर्ण कागजातहरु ।
११.शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फाराम ।

उक्त अवधिभित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३)तथा प्रचलित कानुन बमोजिम मूल्यांकन गरी आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोधार्थ

१.श्री शिक्षा विकास तथा समन्वय एकाइ,तानसेन पाल्पा जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि ।
२.शिक्षा युवा तथा खेलकुद शाखा माथागढी गाउँपालिका,झडेवा पाल्पा -जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि ।
३.श्री माथागढी गाउँपालिका -३ वडा कार्यालय -जानकारी लागि ।
४.विद्यालयको सूचना पाटी तथा वेवसाइट -प्रकाशनका लागि ।

सम्पर्क नं.प्रधानाध्यापक (९८४७०२८९२२ / ९८४४७६०७८४) वि.व्य.स अध्यक्ष (९८५७०६०६९८)
इमेल :-divyajyotihsspalpa@gmail.com

लोकेन्द्र थापा
निमित्त प्रधानाध्यापक

श्री. प्रधानाध्यापक
श्री दिव्य ज्योति माध्यमिक विद्यालय
माथागढी-३, कसेनी, सराई, पा